


पूर्ण पाठ योजनामा जान शीर्षकहरूमा क्लिक गर्नुहोस् ।

## बाल पुस्तकहरूमा जातीय तथा नस्लीय पहिचान हेर्दा

- यो शृङ्खलाको दोस्रो पाठको रूपमा यो पाठले विद्यार्थीहरूलाई सुन्दरताको अवधारणाको बारेमा खुलेर सोच्न र बोल्न प्रेरित गर्छ, किनभने सुन्दरताको विषयले विशेषगरी जाति र जातीय पहिचानका मुद्दाहरूको खण्डन गर्छ ।
- ग्रेड तह: K-5

## स्थानीय चुनाव किन महत्त्वपूर्ण छ

- यो पाठमा, विद्यार्थीहरूले स्थानीय सरकारले गरेको निर्णयले उनीहरूले जीवनमा कसरी असर गर्छ भन्ने कुरा पत्ता लगाउने छन् । एउटा भोटले मात्र कुनै अर्थ राख्दैन भन्ने सोच हटाउन उनीहरूले हालसालैका केही स्थानीय चुनावहरूसँग सम्बन्धित खोज तथा तथ्याङ्क अध्ययन गर्ने छन् । उनीहरूले उनीहरूको राज्यमा भएको कानुनले मतदाता सक्रियतालाई कसरी प्रेरित गर्छ वा दबाउँछ भनेर सिक्ने छन् । र एउटा विस्तारित क्रियाकलापमा, योग्य विद्यार्थीहरूले निर्वाचनका लागि आफ्नो नाम कसरी दर्ता गर्ने भनेर सिक्छन् ।
- ग्रेड तह: 6-12

## मतदानको वास्तविकता

- यो पाठमा, विद्यार्थीहरूले मतदानका सम्बन्धमा अहिलेका केही मिथ्याहरूको बारेमा जान्ने छन्, यी मिथ्याहरूले कसलाई फाइदा पुग्छ भनेर सोच्ने छन्, यी मिथ्याहरू किन गलत छन् भनेर जान्ने छन् र कसरी प्रत्येक योग्य नागरिकले मतदान गर्ने अवसर प्राप्त गर्छन् भनेर सुनिश्चित गर्न सकिन्छ भन्ने बारेमा सोच्ने छन्। र एउटा विस्तारित क्रियाकलापमा, विद्यार्थीहरूले निर्वाचनका लागि आफ्नो नाम कसरी दर्ता गर्ने भनेर सिक्छन्।
- ग्रेड तह: 6-12

## विवेचनात्मक दृष्टिकोणसम्बन्धी क्रियाकलाप

- यो पाठमा, विद्यार्थीहरूलाई विज्ञापनदाताले आफ्ना उत्पादनहरूको प्रचार प्रसार गर्ने प्रयोग गर्ने केही लुकेका रणनीतिहरूको बारेमा सिकाइनेछ। विद्यार्थीहरूलाई यी रणनीतिहरूले उनीहरूको आत्मसम्मान तथा शारीरिक चित्रणमा पार्ने प्रभावहरूको बारेमा विचार गर्न लगाइनेछ र अलि स्वास्थ्यकर सन्देश दिने विज्ञापन शैलीहरू ल्याउन लगाइनेछ। GO GIRLS! बाट अनुमति लिएर यी क्रियाकलापहरू अपनाइएको हो। यो पाठ्यक्रम National Eating Disorders Association द्वारा निर्माण गरिएको हो।
- ग्रेड तह: 3-8

## पहिचान तथा भोगाइको परीक्षण

- यो पाठले महत्त्वपूर्ण प्रश्नहरू सोध्ने क्रियाकलापहरूको साथमा पहिचान तथा भोगाइ परीक्षण गर्छ: के तपाईंले आफ्नो पहिचानको कुनै पनि अंश लुकाउनु परेको थियो ?
- ग्रेड तह: 3-8

## हाम्रा अधिकारहरूको साथमा किन जिम्मेवारीहरू पनि जोडिन्छन्

- यो पाठले विद्यार्थीहरूले नागरिकको रूपमा सामना गर्नु पर्ने महत्त्वपूर्ण प्रश्नहरूमा ध्यान केन्द्रित गर्छ: हाम्रा आधारभूत अधिकारहरूको साथमा के-के जिम्मेवारी जोडिन्छन् ?
- ग्रेड तह: 3-8

## सुन्दरता भित्र लुकेको हुन्छ

- यो पाठका दौडान, विद्यार्थीहरूले शरीरको आकार तथा रूपको आधारमा उनीहरूले कसरी पूर्वाग्रह अनुभव गरेका छन् वा पूर्वाग्रहमा सहभागी भएका छन् भन्ने कुराको बारेमा विचार गर्न छन्— र शरीरको आकार तथा रूपसम्बन्धी समाजको अपेक्षाले मानिसहरूलाई कसरी असर गर्छ भन्ने बारेमा छलफल गर्ने छन् । विद्यार्थीहरूले सचेतन र अचेतन रूपमा अरू मान्छे प्रतिको दृष्टिकोण तथा व्यवहारलाई असर गर्ने मिडियाका तस्विरहरू अध्ययन गर्दै गर्दा उनीहरूले मिडिया साक्षरताका सीपहरू विकास गर्छन् । अन्त्यमा, कक्षाले आफ्नो सामाजिक जीवनमा शारीरिक रूप बाहेकका अन्य कुरालाई कसरी मुख्य शक्ति बनाउन सकिन्छ भनेर पत्ता लगाउने छन् । नोट: यो पाठ GLSEN ले No Name-Calling Week नामक आफ्नो कार्यक्रमको लागि रचना गरेको मूल रचनाबाट अनुमति लिएर अनुकूलित गरिएको हो ।
- ग्रेड तह: 6-12

## विद्यालयमा समानताको कल्पना

- हामी प्राय: हाम्रा विद्यार्थीहरूलाई Brown v. Board of Education को साथमा School Segregation (छालाको रङ्गको आधारमा विद्यालयहरू छुट्ट्याउने व्यवस्था) अन्त्य भएको हो भनेर सिकाउँछौं, तर वास्तविकता त्यति धेरै सरल छैन । आजका विद्यालयहरू कानुनले नछुट्ट्याए पनि, छुट्ट्याइएको आवास ढाँचा तथा असमान कोष प्रणालीले अश्वेत विद्यार्थीहरूलाई कम कोष प्राप्त गर्ने, थोरै श्रोत साधन भएका संस्थाहरूमा थुपारेको छ । केही आलोचकहरूले ती संस्थाहरूलाई "रङ्गभेद नीतिलाई समर्थन गर्ने विद्यालयहरू" भनेर बोलाउँछन् ।
- ग्रेड तह: 9-12

## वातावरणीय न्याय भनेको के हो

- विद्यार्थीहरूले वायु प्रदूषणले अश्वेत मानिसहरू र गरिबीको रेखा मुनि बस्ने मानिसहरूलाई कसरी असर गर्छ भन्ने कुरा सिक्ने छन् र वातावरणीय अन्याय पत्ता लगाउन नक्सा प्रयोग गर्ने छन् ।
- ग्रेड तह: 3-5

## मेरो पहिचानको खोजी

- यो पाठमा, विद्यार्थीहरूले जात, लिङ्ग, क्षमता र धर्म जस्ता आफ्नो पहिचानका पक्षहरूलाई व्याख्या गर्ने छन् । त्यसपछि, Marley Dias को Black Girls Books अभियानको बारेमा अध्ययन गरेर, विद्यार्थीहरूले पात्रहरू कसरी उनीहरू जस्तै वा उनीहरू भन्दा फरक छन् भन्ने कुरा याद गर्दै पुस्तकको चित्रण विश्लेषण गर्ने छन् र आफ्नै पुस्तक समीक्षा लेख्ने छन् ।
- ग्रेड तह: 3-5